व्यवसायिक कृषि पर्यटन शहर,
सुन्दर समुन्नत हाम्रो रत्ननगर

नगर प्रमुख श्री प्रलाद सापकोटा ज्यूबाट प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को बजेट नीति तथा कार्यक्रम

रत्ननगर नगरपालिका
रत्ननगर, चितवन, बागमती प्रदेश नेपाल
मिति २०८०/३/१०

आदरणीय नगर सभा सदस्य ज्यूहरु,

यस पूर्वी चितवनको सुन्दर तथा पर्यटकीय नगरी रत्ननगर नगरपालिकाको गरिमामय १३ औं नगर सभामा आ.व २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु । यस अवसरमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ आफ्नो प्राण आहुति दिने महान शहीदहरु प्रति ह्यर्दिक श्रद्धान्जली व्यक्त गर्दै वेपत्ता र घाइते व्यक्तिहरु प्रति सम्मान व्यक्त गर्न चाहान्छु ।

नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार मिति २०७९/१/३० गते सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट विजयी भई यस नगरपालिकामा सेवा गरेको १ बर्ष पूरा भईसकेको छ । निर्वाचनको पहिलो बर्षको नीति कार्यक्रम तथा बजेट कार्यान्वयनको अन्तिम चरण रहेको समयमा यस बर्षमा हासिल गरेको उपलब्धी र अनुभवका आधारमा आगामी आ.व. को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ, जसमा स्थानीय समाजसेवी,बुद्धिजीवी,नागरिक समाज, राजनैतिक दल, विभिन्न संघ/संस्था तथा यस रत्ननगर नगरपालिकाको हित चाहने सम्पूर्ण नेपालीहरुको भावना अनुरुप नीति तथा कार्यक्रम तयार गरिएको छ ।

नेपालको संबिधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले मार्गनिर्देश गरे अनुसार हामीले हाम्रा बिकास व्यबस्थापन, सेवा प्रवाह र कानून निर्माणका गतिबिधि समेत संचालन गरिरहेका छौ । हामीले आफ्नो जिम्मेवारी के कति पूरा गर्यौं भविष्यमा जनताले मूल्यांकन गर्ने नै छन् ।

रत्ननगर नगरपालिकाले लोकतान्त्रिक विधि र कानुनी प्रक्रिया अनुसार समावेशी ढङ्गबाट नगरपालिकाका ऐन, कानूनहरु, नीति कार्यक्रम तथा बजेट तर्जूमा गर्ने संस्कृतिलाई हामीले निरन्तरता दिई रहेका छौं । जुनसुकै योजना तथा कार्यक्रम सञ्चालन र निर्णय प्रक्रियामा सर्वसम्मत ढङ्गले सबैको साथ र सहयोग रही आएको छ । उक्त सहयोग आगामी दिनमा समेत रहनेछ भन्ने आशा एवम् विश्वास व्यक्त गर्दछु । हाम्रो यो सहमतीय प्रणाली अन्य स्थानीय तहलाई समेत अनुकरणीय रहनेछ भन्ने बिश्वास लिएका छौ ।

स्थानीय तहलाई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका ऐन कानूनहरु मार्फत प्राप्त अधिकार, कर्तव्य एंव जिम्मेवारीहरु सकभर छिटो छरितो व्यवस्थित र कानून सम्मत तरिकाले कार्यान्वयन गर्ने प्रयास गरिएको छ । नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई कागज रहित बनाउन सूचना प्रविधिको अत्याधिक प्रयोगलाई प्राथमिकता दिइएको छ । कानुन मार्फत प्राप्त अधिकार तथा कर्तव्यहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा उपलब्ध स्रोत र साधनहरुको समुचित उपयोग गर्ने दीर्घकालीन एकीकृत नगर विकास गुरुयोजना निर्माणको प्रक्रिया अगाडि बढाइ सकिएको छ जसले गर्दा आगामी आर्थिक वर्षहरुको नीति कार्यक्रम तथा बजेट तर्जुमाको कार्य दीर्घकालीन लक्ष्य प्राप्तिका लागि अगाडि बढ्ने अपेक्षा गरेका छौं ।

यस सन्दर्भमा अव म यस रत्ननगर नगरपालिकाको समृद्धि र गौरव गर्न लायक केही मुलभूत नीति तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउन चाहन्छु ।

१.यस  नगरपालिका. क्षेत्रका मुख्य सडक र चोकहरुमा सडक बत्ती मार्फत उज्यालो रत्ननगरको नीति लिइने छ ।

२. स्थानीय समावेशी सरसफाई कार्यक्रमलाई प्राथमिकतामा राख्दै दिसाजन्य लेदो र ढल व्यवस्थापनका लागि नगर गौरवको योजना निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

३.  सडक सञ्जालको विकास गरि रिङरोडको अवधारणालाई कार्यान्वयनमा ल्याइने छ ।

४. पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ नयाँ पर्यटनका गन्तव्य पहिचान गर्ने र तत्काल पञ्चकन्या सामुदायिक वनमा कृष्णसार राख्नको लागि पूर्वाधार सम्पन्न यसै आ.व. भित्र गरिने छ ।

५. सौराहा सौन्दर्यीकरण फुटपाथ सहितको साइकल लेन निर्माण सडकबत्ती जडान कार्य अगाडि बढाइने छ ।

६. कृषि पशु विकास र सहकारीलाई नगर समृद्धिको प्रमुख योजनाको रुपमा अगाडि बढाइने छ ।

७. हरियाली (Recreation Park) पार्कलाई बहुउद्देश्यीय अवधारणाबाट संचालन गर्दै पर्यटकहरुलाई आकर्षित गरि आन्तरिक आय लाई मजबुद बनाइने छ ।

८. लौरी घोल तथा पञ्च नदीलाई  व्यवस्थित गरि पदमार्ग निर्माण गर्दै सोको संरक्षण गरिने  छ ।

९. नगरलाई सूचना प्रविधि मैत्री बनाउन विद्युतीय शासनको प्रवर्द्धन गरिने छ ।

१०. सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्य प्रक्रिया सरलीकरण गर्दै लगिने छ ।

११. गुणस्तरीय र रोजगारमूलक शिक्षाको विकास गर्दै व्यावसायिक र सीपमूलक शैक्षिक कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

१२. विपन्न र गरिव नागरिकलाई सुलभ र नि:शुल्क स्वास्थ्य उपचार र स्वास्थ्य बीमा कार्यक्रमलाई थप विस्तार गरिने  छ ।

१३. एक घर एक धाराको नीति अबलम्वन गरिने छ ।

१४. सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेका दलित समुदाय, महिला, जनजाति, आर्थिक हिसाबले विपन्न, किसान, मजदुर, सीमान्तकृत लोपोउन्मुख समुदाय तथा वेरोजगार नगरवासीहरु वीच उद्यमशीलताको विकास एवं प्रवर्द्धन गर्न, स्वरोजगारी सिर्जना गर्न, निर्वाहमुखी परम्परागत कृषि तथा उद्यम व्यवसायलाई अवाश्यक सहयोग गरि व्यवसायीक एवं उद्यमी बनाउन, नगर प्रमुखसँग उद्यमशीलता प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१५. उद्योग वाणिज्य संघ,नगर भित्रका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र नगरपालिकाको साझेदारीमा फोहरमैला संकलन र व्यवस्थापनको उचित व्यवस्थापन गरिने छ ।

१६. उद्योग संघ चितवनसँग सहकार्य गरि  उद्यमी सिर्जना गर्ने कार्यलाई अगाडि बढाइने छ ।

आदरणीय नगर सभा सदस्य ज्यूहरु,
अव म आ.व.२०८०/०८१ को बिषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**१.आर्थिक विकास अन्तर्गत**

## १.१ कृषि तथा पशुपालन

- कृषि क्षेत्रको विकासको लागि प्रणालीगत सुधार उत्पादन तथा उत्पादकतत्व वृद्धि उत्पादित वस्तुको वजारीकरण क्षमता अभिवृद्धि र अनुगमन मूल्याङ्कन कार्यलाई मूल आधार मानी कृषि/भेटेरिनरी प्राविधिकको व्यवस्था गरि **"गोठ गोठमा भेटेरिनरी र खेत खेतमा कृषि प्राविधिक"** सेवाको पहुँच सुनिश्चित गरिने छ।
- रत्ननगर नगरपालिकाभित्र रहेका दुग्ध उत्पादक सहकारी संस्थाहरुले किसानसँग खरिद गर्ने दुध र विक्री गर्ने दुधको मूल्यमा एकरुपता कायम गरिने छ।
- पशुपालक किसानहरुको मुख्य चुनौतीको रुपमा रहेको पशु आहार व्यवस्थापनलाई प्राथमिकतामा राखी सन्तुलित आहाराको लागि दाना उद्योग संचालन, हरियो घाँस, साइलेज प्रवर्द्धनका कार्यक्रम संचालन गरिने छ।
- व्यसायिक किसानहरु र गरिब न्यून आय भएका किसानहरुको पहिचान गरि मापदण्ड बमोजिमका अनुदानका कार्यक्रममा सहभागिताको लागि व्यवसायिक किसानलाई ४० प्रतिशत र गरिब न्यून आय भएका किसानहरुलाई ६० प्रतिशत सहभागिता गराइनेछ। यसरी साना किसानलाई संरक्षण गर्दै व्यवसायीकरण तर्फ उन्मुख गराउने लक्ष्य राखिने छ।
- प्रत्येक वडामा चक्लाबन्दीमा कम्तीमा १ विगाहा देखि बढीमा ५ विगाहा सम्मका जग्गामा खेती गर्ने गरि गरिब जनजाती आदिवासी भूमीहिन किसानहरुलाई संगठित गरि जग्गा भाडाको साथै आवश्यकता अनुसार वीउविजन ,सिंचाई मेसिनरीमा अनुदान सहयोग गरिने छ। यस कार्यक्रम अन्तरगत प्रधानमन्त्री रोजगार कार्यक्रमा सूचिकृत कामदारहरुलाई समेत रोजगारीको व्यवस्था गरिने छ।
- किसानहरुको हितको लागत मूल्य न्यूनीकरणको लागि समूह संघ संस्था सहकारीलाई यान्त्रीकरणमा अनुदान सहयोगको कार्यक्रम संचालन गरिने छ।
- वडा नं.९ स्थित पाउडर प्लाटका लागि सिलान्यास गरिएको जग्गामा प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सूचिकृत कामदार, कृषि प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीको सहभागिता कृषि प्राविधिकको निगरानी र किसान समूह तथा सहकारीको समन्वयमा नगरस्तरीय तरकारी तथा फलफूल नर्सरी स्थापना गरि सुपथ मूल्यमा नगरवासीलाई वितरण गरिने छ।
- फलफुल तथा तरकारीको बिषादी परीक्षण कार्यहरु लागु गरिने छ।
- किसानहरुको दुधको उच्च मूल्य प्राप्तिका लागि दुग्धजन्य पदार्थको विविधिकरण कार्यक्रमलाई प्रोत्साहित गरिनुका साथै बजारीकरणको समेत व्यवस्थापन गरिने छ।
- C.M.D.P. को सहयोगको निर्मित भवनमा नगरस्तरीय ताजा तरकारी तथा फलफूलको संकलन तथा थोक बजार व्यवस्थापन गरि नगर क्षेत्र भित्र रहेका किसानहरुको तरकारी संकलन केन्द्रको रुपमा विकास गरि उत्पादित सामग्रीको बिक्री बितरणमा सहजता ल्याइने छ।

- नगर भित्र रहेका व्यवसायिक कृषि तथा पशु फर्म सहकारी संस्था होटल व्यवसायीहरु तथा सरोकार वालाहरुको समन्वयमा व्यवसायहरुको वर्गीकरण गरि नियमन समेत गरिने छ।
- नगर भित्र उत्पादित कृषि तथा पशुजन्य सामाग्रीको कोसेली घर मार्फत बिक्री वितरण व्यवस्था गरिने छ।
- नगर भित्र रहेका सिंचाई प्रणाली तथा नहरहरुलाई थप व्यवस्थित गरि सहयोग पुर्याउनुका साथै जलाधार क्षेत्रहरुको संरक्षण गरि सिंचाई सुविधा उपलब्ध गराउनुका साथै प्राकृतिक सम्पदाको रुपमा विकास गरिने छ।
- किसानहरुले कृषि कार्यमा सहभागी हुनको लागि नगरपालिकामा आउनुपर्ने व्यवस्थालाई वडैबाट उपलब्ध हुने व्यवस्था मिलाईनेछ।
- पशुपंक्षीमा लाग्ने माहामारी तथा सरुवा रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रम लागू गरिने छ साथै कृषकहरुलाई यस्ता रोग विरुद्धको परजीवी बिरुद्धको औषधि प्राथामिक उपचारका औषधि र उपचार सेवा केन्द्र मार्फत निशुल्क उपलब्ध गराइने छ ।
- पशुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि नस्ल सुधार कार्यक्रमलाई अभियानको रुपमा संचालन गरेछ।

**१.२ सहकारी, उद्योग, वाणिज्य, पर्यटन, रोजगार प्रवर्द्धन तथा बजार अनुगमन**

- सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न रत्ननगर नगरपालिका अन्तरगतका सबै सहकारी संस्थाहरुले COPOMIS प्रणालीमा विवरण प्रविष्टि गर्ने वातावरण तय गर्ने दिशातर्फ अग्रसरता देखाइनेछ साथै सहकारी संस्थाको अनुगमनलाई विशेष प्राथमिकता दिइने छ।
- सहकारी संस्थाका सदस्य एवं कर्मचारीलाई विभिन्न तालिमको व्यवस्था गरिने छ साथै आवश्यकता अनुसार अनुदान समेत उपलब्ध गराइ सहकारी संस्थाहरुको क्षमता विकास गराइ, उत्पादनमूलक सहकारी संस्थाको सुदृढीकरणमा विशेष जोड दिइने छ।
- बजार तथा ट्राफिक व्यवस्थापन समितिको सक्रियतालाई अझ प्रभावकारी ढङ्गबाट अगाडि बढाईनेछ, १६ वटै वडामा बजार तथा ट्राफिक व्यवस्थापन समितिको गठन गरि सोही समितिको सक्रियतामा वडाको बजार सुव्यवस्थित बनाउन प्रथामिकता दिइने छ।
- फुटपाथ व्यवस्थापन तथा पार्किङ व्यवस्थापनमा नगर प्रहरीलाई अधिकाधिक रुपमा खटाईने छ।
- उपभोक्ताको अधिकारलाई विशेष ध्यानमा राख्दै बजार अनुगमनका कार्यक्रमहरु संचालन गरिने छ।
- स्थानीय स्तरमा थोरै पूँजीमा सञ्चालन हुन सक्ने उद्योगका क्षेत्रहरु पहिचान गरि त्यसलाई बढावा दिइने छ।
- पिछडिएको वर्ग तथा समुदायलाई उद्यमशील बनाउन विभिन्न सीपमूलक तालिमहरु संचालन गरिने छ।

- पर्यटन क्षेत्रको विकास र प्रबर्द्धनमा विशेष जोड दिइनेछ साथै विभिन्न कार्यक्रमको आयोजना गरि यस नगर भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारमा प्राथामिकता दिइने छ।
- बैक तथा वित्तीय संस्था र सहकारीहरुलाई विपन्न तथा कृषि कार्यमा न्युनतम लगानीको वातावरण सिर्जना गरिने छ।
- श्रीकृष्ण प्रणामी मन्दिर, ॐ गायत्री हरिहर मन्दिर, राम मन्दिर, कृष्ण मन्दिर लगायत विभीन्न धर्म सम्प्रदायका सबै धार्मिक स्थलहरुलाई धार्मिक पर्यटकीय गनत्वय स्थलको रुपमा विकसित गरिने छ ।

१.३ राजश्व

- नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन र राजश्व परिचालनका लागि राजश्व प्रशासनमा सुधार, चुस्त, दुरुस्त, प्रविधिमैत्री एवम् करदातामैत्री बनाइनेछ। कर चुहावटका क्षेत्रहरुको पहिचान गर्दै करको दायरा विस्तार गरि राजश्व कर संकलनलाई अभियानका रूपमा अगाडि बढाइनेछ।
- राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरि, कर सूचना प्रणाली मार्फत राजश्व सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनुका साथै कर सचेतना कार्यक्रम समेत संचालन गरिने छ।
- राजस्व करलाई प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न कर सम्बन्धी प्रचलित ऐन कानूनको पूर्णरुपमा पालना गर्दै नीति, नियम, निर्देशिका एवं कार्यविधिहरुको निर्माण गरिने छ।
- रत्ननगर नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग व्यवसाय, वहालकर, सम्पत्तिकर लगाएतका करहरुलाई राजश्व सूचना प्रणालीमा प्रविष्टि गरि करदाताले सहजरुपमा कर तिर्न सक्ने गरि अनलाइन पेमेन्ट, क्यूआर कोड लगाएतका सुविधाहरुको निम्ति आधार तयार गरिने छ।
- आ.व.२०७९।०८० मा कायम गरिएको कर दस्तुर र शुल्क तथा मूल्यांकनमा परिवर्तन नगरि करका दरहरुमा २०८०।०८१ मा यथावत रुपमा कायम गरिने छ।
- राजस्व करमा विगत बर्षहरुको बक्यौता रकम असुलीमा विशेष कार्यक्रमको व्यवस्था गरि कार्यक्रमहरु संचालन गरिने छ।
- सबै किसिमका करदाताहरुको रेकर्ड अध्यावधिक कार्यलाई विशेष प्राथमिकताका साथ लागू गरिने छ।
- पर्यटकीय क्षेत्र सौराहाका होटल तथा रेष्टुरेन्टहरुलाई आफ्नो शौचालयलाई सार्वजनिक प्रयोगका लागी उपलब्ध गराउने प्रतिवद्धता र सम्झौता गरि व्यवसाय करमा छुटको व्यवस्था गरिने छ।

**१.४ प्रधानमन्त्री रोजगार**

- **"श्रमको सम्मान राष्ट्रको अभियान"** भन्ने नाराका साथ बेरोजगार सूचीमा सूचिकृत बेरोजगारहरुलाई आवश्यकताका आधारमा काममा लगाईने छ।

- १ करोड भन्दा कमका आयोजनाहरुमा मेसिनरी उपकरणको प्रयोगलाई न्यून गर्दै रोजगार सेवा केन्द्रका सूचिकृत श्रमिकको प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिईनेछ।

- सूचीकृत बेरोजगारलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरि स्थानीय तहबाट निर्माण सामग्री खरिदको लागि वजेटको व्यवस्था गरिनेछ।

- बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिने छ।

- स्थानीय स्तरमा रोजगारी सिर्जनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरि थप रोजगारी सृजना गरिने छ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम लाई थप प्रभावकारी बनाउन सामूहिक कृषि खेती तथा दिगो आर्थिक विकास कार्यक्रम सँग जोडिनेछ।

- बैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृती र पुनः श्रम स्वीकृतिको कार्य थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ।

- बेरोजगार तथा रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्सांकन कार्य, रोजगार मेला लगाएत अध्ययन अनुसन्धानमा जोड दिइनेछ।

**१.५ गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)**

वडा स्तरबाट लक्षित तथा गरिव वर्गको छनौट सहितको 'मेड्पा मोडेल' अनुसार नगरपालिकाको लागत साझेदारीमा सीप विकास तालिम संचालन गरि गरीबी र बेरोजगारी न्यूनीकरण गर्ने नीति अवलम्बन गरिने छ।

## २. सामाजिक विकास

### २.१ शिक्षा, युवा तथा खेलकुद

#### २.१.१ शिक्षा

- "शिक्षामा प्रविधि" को मान्यता रही नगरका सवै विद्यालयहरुमा प्रविधिमैत्री वातावरण तयार गरिने छ।
- प्राविधिक तथा ब्यवसायिक शिक्षामा थप प्रोत्साहनका कार्यक्रमहरु समावेश गरिने छ।

- सरकारी तथा निजी क्षेत्रको सहभागिता (3p ) र सहकार्यमा पूर्व प्राथमिक तह देखि अनुसन्धान तह सम्म कार्यक्रमहरु संचालन गर्न गराउन निजी क्षेत्रलाई थप प्रोत्साहित गरिने छ।
- सामुदायिक अध्ययन केन्द्र र सामुदायिक पुस्तकालयहरुलाई विस्तार र सवलीकरण गरिने छ।
- विपन्न र जेहेन्दार विद्यार्थीहरुलाई थप अवसर एवं प्रोत्साहन गर्न एक सवल संयन्त्र तयार गरि छात्रवृत्तिहरुको पारदर्शी वितरण तथा ब्यवस्थापन गर्ने गराउने कार्यको थालनी गरिने छ।
- उच्च शिक्षा छात्रवृत्ति लागत सहभागिताको आधारमा प्रदान गरिने छ।
- विशेष छात्रवृत्तिको समेत ब्यवस्था गरिने छ।
- नमूना माध्यमिक विद्यालयलाई प्रोत्साहन गरि विषय क्षेत्रगत नमूनाका लागि प्राविधिक सहयोग एवं प्रोत्साहनका कार्यहरु विस्तार गरिने छ।
- "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" को मान्यतामा रही शिक्षक दरवन्दी मिलानको कार्यलाई निरन्तरता दिदै कार्यविधि वमोजिम शिक्षक सरुवा एवं ब्यवस्थापन गरिने छ तथा शिक्षक अपुग भएका विद्यालयमा स्वयंसेवक शिक्षक ब्यवस्था समेत गरिने छ।
- शिक्षण सिकाइ वातावरण सहज वनाउन सहजीकरण तथा परीक्षा प्रणालीलाई अझ प्रभावपूर्ण र ब्यवस्थित गरिने छ। अतिरिक्त कक्षा व्यवस्थाका निम्ति उच्च प्राथामिकता दिइने छ।
- शिक्षकहरुलाई सेवा प्रवेश एवं पुनर्ताजगी तालिमको ब्यवस्था गरि शिक्षण सिकाइमा थप सुधार गरिने छ।
- विद्यालयमा आधारभूत स्वास्थ्य सामग्रीको ब्यवस्था एवं विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिइने छ। वडामा रहेका स्वास्थ्य केन्द्र र विद्यालयहरु वीच समन्वय गर्न गराउन शिक्षा शाखा र स्वास्थ्य शाखालाई थप जिम्मेवार वनाइने छ।
- प्रविधिक शिक्षा संचालन भएका इन्जिनियरिङ संचालन भएकाले पूर्वाधार शाखा, पशु विज्ञान संचालन भएकोमा पशुविकास शाखा, वालि विज्ञान संचालन भएकोमा कृषि शाखालाई र होटल ब्यवस्थापन भएकोमा शिक्षा शाखालाई प्राविधिक सहयोग तथा सहजीकरण गर्न थप जिम्मेवार वनाइ नगर र प्राविधिक धार संचालन भएका विद्यालय वीच थप सम्वन्ध विस्तार गरिने छ।
- बालकको प्रतिभा पहिचान र प्रोत्साहनका कार्यक्रमहरुलाई थप विस्तार गरिने छ।
- प्राचीन भाषा र संस्कृतिको संरक्षण एवं सम्बद्धन गर्न प्रोत्साहनका कार्यक्रमहरुको निरन्तरता एवं विस्तार समेत गरिने छ।
- शैक्षिक कार्यलाई थप प्रभावपूर्ण बनाउन आकस्मिक, पूर्व निर्धारित एवं समूह निरीक्षण तथा अनुगमन र सो को प्रगति विवरण अभिलेखीकरण गरि कार्यान्वयन गरिने छ।
- रैथाने खाद्य वस्तुवाट बनेको दिवा खाजा व्यवस्थापन तथा नि:शुल्क पाठ्यपुस्तक वितरणालाई थप व्यवस्थित गरिनेछ।

- विषयगत नमूना कक्षा कोठा र वालविकास बाह्य सामग्री व्यवस्थाको कार्यक्रम प्रभावकारी भएकाले थप विद्यालयहरुमा विस्तार गरिदै लगिने छ।
- विद्यालयमा विद्युत तथा खानेपानीको सेवा शुल्कमा सहयोग स्वरुप तहगत रुपमा निश्चित रकम अनुदान उपलब्ध गराइने छ।
- विद्यालयलाई छात्रामैत्री वनाउन निशुल्क सेनेटरी प्याड वितरण लैङ्गिक सम्पर्क शिक्षक ब्यवस्थापन र छात्राहरुको छुट्टै शौचालयको ब्यवस्था गरिने छ।
- विद्यालय अपाङ्गमैत्री हुनै पर्ने मान्यता रही भौतिक संरचना निर्माण गर्दा विशेष ध्यान दिनुका साथै शैक्षिक कार्यक्रमहरुमा समेत अपाङ्गमैत्री वनाउन सहजीकरणका कार्यक्रम संचालन गरिने छ।
- इन्जिनियरिङ कलेज स्थापना गर्न प्राथमिकता दिई कार्य सम्पादन गर्ने गराउने कार्य गरिने छ।
- सहीद स्मृती बहुमुखी क्याम्पसमा जन चाहानाका प्राविधिक र जिवनउपयोगी बिषयहरु संचालन गर्न आवश्यक समन्वय गरिने छ।
- रत्ननगर भित्रका सामुदायिक क्याम्पसमा अध्ययन गर्ने स्नातकोत्तर उत्तिर्ण विद्यार्थीहरु मध्येबाट १० जना विद्यर्थीलाई तोकिएको मापदण्ड बमोजिम शौक्षिक सुविधा उपल्बध गराई अनुसन्धानमूलक कार्यमा संलग्न गराइनेछ।
- रत्ननगर नगरपालिका भित्र शैक्षिक धरोहरको रुपमा संचालनमा रहेका सामुदायिक क्याम्पसहरुमा स्नातक तहमा अध्ययन गर्ने छात्राहरुलाई स्नातक तह अध्ययनका लागि रत्ननगर नगरपालिकाले छोरी उत्प्रेरणा छात्रवृत्ति कार्यक्रम लागु गर्नेछ। यसका लागि स्नातक तहमा अध्ययन गर्ने १५ जना छात्राहरुलाई मापदण्ड बमोजिम जनही १० हजार रुपैयाँ र प्रमाणपत्र समेत उपलब्ध गराइनेछ।
- स्थानीय जातजातिका मानिसहरुको संस्कृति जगोर्ना गर्नका लागि उपयुक्त नीति लिइने छ।
- साहित्य कला, भाषा आदिको समग्र विकासका लागि स्थापना गरिएको रत्ननगर वाङमय परिषद्लाई अझ व्यवस्थित र परिणाममुखी बनाइने छ।

### २.१.२ युवा

- नगर प्रमुखसँग युवा कार्यक्रमलाई थप प्रभावकारी वनाइ कार्यान्वयन गरिने छ।
- पौरखी युवाको खोजी गरि प्रोत्साहन कार्यक्रम लागू गरिने छ।
- नगर र युवाको सहभागितामा "सफा रत्ननगर" अभियान शुरु गरिने छ।
- विपद ब्यवस्थापनमा युवा सहभागी हुने गरि कार्यक्रम लागू गरिने छ।

### २.१.३ खेलकुद

- आफ्नो वडाको खेलाडी पहिचान, प्रोत्साहन तथा अवसर दिन वडालाई जिम्मेवार वनाइने छ।
- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई निरन्तरता दिइने छ।
- जिल्लाका सबै पालिकाहरु समेट्ने गरि रत्ननगरले मेयर कप खेल कम्तीमा एउटा खेलाउने छ।

- खेलमा नगरस्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं अन्तराष्ट्रिय स्तरको खेलमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई प्रोत्साहनका कार्यक्रमहरु समावेश गरिने छ ।
- खेलकुद प्रशिक्षक विकास गरि खेलकुदलाई थप व्यबस्थित गरिने छ ।

२.२ स्वास्थ्य

- नगरका सबै वडाहरूमा स्थापना भएका आधारभूत स्वास्थ्य सेवा केन्द्र लाइ सुविधा सम्पन्न बनाइनुका साथै स्वास्थ्य चौकीहरुमा क्रमबद्ध रूपमा ल्याबको व्यवस्था गरिने छ ।
- स्वास्थ्य केन्द्रहरूमा निःशुल्क रूपमा प्रदान गर्ने औषधि एवम् नियमित बितरण गर्न औषधि खरिदको लागि बजेट वृद्धि गरिने छ ।
- अति विपन्न,दीर्घ रोगि अपाङ्ग तथा महिला सामुदायिक स्वास्थय स्वंयमसेविका हरुलाई परिवारको अवस्था हेरी साझेदारीमा स्वास्थ्य बीमाको नया दर्ता तथा नवीकरणको व्यवस्था गरिने छ ।
- ८० वर्ष र सोभन्दा माथिका ज्येष्ठ नागरिकलाई घरघरमा स्वास्थ्यकर्मी पठाई सुगर प्रेसर जस्ता घातक रोगको परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइ आगामि बर्ष देखि ६८ बर्ष माथिका ज्येष्ठ नागरिक तथा अपांगहरु लाइ लक्षित गरि बर्षमा दुई पटक संचालन गरिने छ ।
- महिला बालबालिका र प्रजनन् स्वास्थ्यका क्षेत्रमा उल्लेख्य भूमिका खेलिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरूको क्षमता अभिबृद्वि कार्यक्रम ल्याइनेछ र ६० बर्ष उमेर पुरा भएकाहरुलाई स–सम्मान बिदाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य केन्द्रहरूले सेवा दिने वडाका सबै टोलमा नसर्ने रोग सम्बन्धी सचेतना तथा स्वास्थ्य प्रर्बधन कार्यक्रम संचालन गरिने छ ।
- मलेरीया, डेगू स्क्रप टाइफस ,कालाजार जस्ता परजीवीहरूबाट सर्ने रोगहरूको प्रकोप बढ्दै गएकोले लामखुट्टेको बासस्थान खोजी गरि नस्ट गर्ने कार्यक्रम सबै वडामा संचालन गरिने छ ।
- सुत्केरी आमाहरू तथा नवजात शिशुहरूको स्वास्थ्य लागि घरघरमा नर्सिङ्ग स्वास्थकर्मी परिचालन गरि स्वास्थ्य जाचको कार्यक्रम लाइ निरन्तरता दिइ संचालन गरिने छ ।
- बिपन्न समूहका ब्यक्ति तथा महिलाहरूसँग सम्बन्धित विभिन्न स्वास्थ्य समस्या निवारणका लागि स्वास्थ्य कार्यालय, भरतपुर अस्पताल र बिपि कोईराला मेमोरियल क्यान्सर अस्पतालसँग समन्वय गरि स्वास्थ्य शिविर निरन्तरता दिई सञ्चालन गरिने छ ।
- बछयौली स्वास्थ्य चौकीलाई स्तरोन्नति गरि नगर पर्यटकीय अस्पतालको रुपमा बिकास गरिने छ ।
- कोभिड विरुद्धको खोप कार्यक्रम लाइ निरन्तरता दिइ ५ बर्ष माथिका सबैलाई खोपको दोस्रो बुस्टर मात्रा दिने व्यवस्था मिलाइनेछ ।

- ब्लड बैक स्थापनाको लागि नेपाल रेडक्रस सोसाईटी चितवन सँग सम्झौता भइसकेको र यसं आर्थिक बर्ष देखि सेवा सुचारु गरिने छर रक्त संकलन कार्यक्रम सञ्चालन गर्ने आयोजकलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम ल्याइनेछ।
- आकस्मिक अबस्थामा बिरामी भइ अस्पताल मा बिचल्लीमा परेका बिपन्न बिरामीहरूलाई निशुल्क उपचारको लागि बकुललहर रत्ननगर अस्पतालमा कोष स्थापना गरि सेवा प्रदान गरिदै आएको कार्य लाइ निरन्तरता दिइनेछ।
- मृगौला सम्बन्धी रोग (मृगौला प्रत्यारोपण तथा डायलाईसिस),क्यान्सर रोग र मेरुडण्ड पक्षघात भएका बिरामीहरको सहज औषधि उपचारको लागि मासिक भत्ताको ब्यबस्था केन्द्र सरकारले घोषणा गरे अनुसार ब्यबस्थित तरिकाले बितरण गरिने छ।
- एच आइ भि पोजिटिभ बच्चाहरुको लागि निशुल्क शिक्षा र स्वास्थ्यको ब्यबस्था मिलाइने छ।
- पोषण कार्यक्रम अन्तर्गत बालबालिकामा हुने कुपोषणलाई शून्यमा ल्याउन बृद्वि अनुगमन कार्यक्रम प्रत्येक महिनाको २५ गते सबै स्वास्थ्य संस्थामा संचालन भएकोले यस लाइ निरन्तरता दिइनेछ र आगामी ५ बर्ष भित्र नगरलाई पोषणमैत्री नगरपालिका घोषणा गरिने छ।
- ज्येष्ठ नागरिक, अपाङ्ग तथा गर्भवती महिलालाई (सुत्केरी गराउन) घर बाट स्थानीय अस्पताल सम्म ल्याउनको लागि निशुल्क एम्बुलेन्सको ब्यबस्था गरिने छ।
- स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिवृद्धि तालिम दिई दक्ष बनाउने तथा मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवाको लागि परामर्शकर्ताको ब्यबस्था गर्ने र मानसिक बिरामीको समयमै निशुल्क उपचारको ब्यबस्था मिलाइने छ।

## २.३ महिला बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक

- बालमैत्री नगरपालिकालाई निरन्तरता दिनका लागि लगानीलाई केन्द्रित गरिने छ। जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुनरुथापनाका लागि बालबालिका उद्धार कोष मार्फत व्यवस्था मिलाइनेछ।
- नगरक्षेत्र भित्र निर्माण हुने संरचनाहरुलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग मैत्री वनाउन प्रोत्साहन गरिने छ।
- लैङ्गिक समानता,सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिने छ। सामाजिक विभेद महिला नेतृत्व विकास, क्षमता अभिबृद्धि उद्यमशीलता एवं सीप विकास तथा सशक्तीकरण कार्यक्रमहरुमा जोड दिइनेछ।
- अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्धन तथा सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिने छ।

- एकल महिला,दलित ,मुसहर,यौनिक तथा लैङ्गिक अल्पसंख्यक जातिको अधिकार संरक्षणमा विशेष जोड दिइनेछ ।
- लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन गरि लैङ्गिकतामा आधारित हिंसा विरुद्धको अभियान संचालन गरिने छ । लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत,सामाजिक कुरिति र अन्धविश्वास,मानव वेचविखन तथा ओसारपसार विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ,जोखिममा रहेका महिला तथा बालबालिकाको उद्धार,पुनस्थापना तथा पारिवारिक पुनएकीकरण गरिने छ ।
- मापदण्ड विपरीत स्थापना भएका बालगृहहरुलाई विशेष निगरानी राखिनेछ तथा यस नगरपालिका भित्रका संरक्षणमा राख्नुपर्ने बालबालिका संरक्षित बालगृहहरुलाई प्रोत्साहित गर्दै बालगृहमा रहेका अन्य स्थानका बालबालिकाहरुलाई परिवारमा पुनर्मिलन गराउने एवं सम्बन्धित स्थानीय तहमा पठाउने कार्य गरिने छ ।
- यस नगरपालिका क्षेत्रभित्र सडकको सहारा लिएर जीवनयापन गर्न वाध्य व्यक्तिहरुको उचित संरक्षण एवं पुनस्र्थापना गरि सहयोगापेक्षी सडक मानवमुक्त नगरपालिका बनाउन पहल गरिने छ ।
- ज्येष्ठ नागरिक मैत्री दिवासेवा केन्द्रहरु संचालन तथा व्यवस्थापन गरिने छ ।

## २.४ सामाजिक सुरक्षा तथा पञ्जीकरण

### २.४.१ सामाजिक सुरक्षा

- बैकिङ अनलाईन विद्युतीय प्रणालीलाई पारदर्शिताका साथ व्यवस्थित बनाइनेछ ।
- मोवाइल बैकिङ तथा स्मार्ट प्रविधिको विकासका साथ ATM को प्रयोग बढाइनेछ ।
- EFT-Electronic Fund Transfer मार्फत को.ले.नि.का. मार्फत विभागको सहकार्य र समवन्यमा बैकमा रहेका लाभग्राहीहरुको खातामा सोझै रकम जम्मा गर्ने प्रणाली लागू गरिने छ ।
- समयमा नै नवीकरण गर्ने र अपूर्ण विवरण रहेका लाभग्राहीहरुको विवरण यसै आ.व मा अद्यावधिक गरि पूर्णता दिने जसका लागि अनलाईन परिचयपत्र व्यवस्था २०७७।७८ बाटै लागू भएअनुसार नयाँ दर्तामा अनिवार्य फोटो तथा कागजपत्र प्रणालीमा राख्ने व्यवस्थाको निरन्तरताका साथ पुरानो लाभग्राहीको हकमा नवीकरणको समयमा वडा कार्यालयमा अनिवार्य फोटो र कागजपत्रको छाँयाप्रति प्रणालीमा अपलोड गराइनेछ ।
- समयमै खाता खोल्न लगाउने काममा वडा मार्फत सूचना सम्प्रेषण गराउने साथै अनलाइन खाता खोल्ने व्यवस्था लगायत प्रथम पटकको भुक्तानीका लागि अनिवार्य निष्कृय खाता Dummy Account खोल्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गराई KYC अपडेटलाई तदरुपताका साथ व्यवस्थीत गराउने। कारोवार नगरि बैक खाता निष्कृय भएका लाभग्राहीहरुको विवरण आ.व को श्रावण र माघमा बैकबाट प्राप्त गरि वडाहरुमा पत्राचार गर्ने र विवरणहरु अद्यावधिक गराइनेछ ।

- सामाजिक सुरक्षा सम्बन्धी ऐन कानूनको समयमै जानकारी दिइ लाभग्राहीहरुको हक हितको संरक्षण गर्ने । बैक तथा वित्तीय संस्थाहरुसंग सामाजिक सुरक्षा भत्ता वितरण तथा सामाजिक उत्तरदायित्व विषयमा जानकारी लिई उत्तरदायित्व अभिवृद्धि बढाउने कार्यक्रम संचालन गराइनेछ ।
- लगत कट्टा भएका लाभग्राहीहरुको विवरण अनुसार फिर्ता रकम र भुक्तानी रकममा सन्तुलन कायम भए नभएको अनलाईन प्रणाली तथा बैकिङ प्रणालीमा समन्वयात्मक कार्यहरु गर्ने/गराउने । त्रैमासिक विवरण वडा तथा बैकसंग मागी विवरण अद्यावधिक समेत गराइनेछ ।
- सामाजिक सुरक्षा भत्ता रकम तत्कालै निकाल्नुपर्ने,रकम फिर्ता हुने भन्ने गलत प्रचार–प्रसारलाई निरुत्साहीत गरि भिडभाड कम गर्ने खालको आधुनिक प्रविधियुक्त बैकिङ प्रणाली अवलम्वन गरि नसक्ने अशक्त अपाङको हकमा घर-घरमै रकम पुर्याउने प्रवन्ध मिलाइनेछ ।

### २.४.२ पञ्जीकरण

- पुराना व्यक्तिगत घटनाका अभिलेखहरुको डिजिटलाईजेसन लाई पूर्णरुप दिई तथ्याङ्कहरु Hardcopy तथा Softcopy मा व्यवस्थापन गर्नोतत पश्चात विभागसंग समन्वय गरि VERSP अनलाइन प्रणालीमा मर्ज गर्दै लगिनेछ ।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ता लाई ३५ दिन भित्रै गर्ने दरलाई सत प्रतिशत तर्फ लैजाने र ५ बर्ष सम्म सबैको जन्मदर्ता हुनुपर्ने व्यवस्था पूर्ण कार्यान्वियन गरि वाल मैत्री नगरपालिका घोषणाको दिगोपना कायम गराइने छ ।
- घटना दर्ता शिविर,दर्ता सप्ताह अभियानहरुलाई प्रभावकारी कार्यान्वयन गरि प्रतिफलमुखि बनाइनेछ ।
- अनलाईन घटना दर्तालाई प्रभावकारी बनाई टोकन प्रणाली तथा घरैबाट पनि दर्ताको कार्य सरलीकरण गर्ने कार्यमा समन्वयकारी भूमिका निर्वाह गरिने छ ।
- कानुनी विवाद तथा समस्याहरुको चाडो र प्रभावकारा समाधानको समयन्त्रको विकास गरि गुनासो सुनुवाई प्रणालीलाई व्यवस्थीत गर्दै हाल प्रचलनमा आएको VERSP प्रणालीबाट स्थानीय तह,वडा कार्यालयहरु र विभागमा गरिने पत्राचारको पोर्टलको समयसापेक्ष सुधार सहित प्रभावकारी संचालनलाई अनिवार्य गराइनेछ ।
- दोहोरो दर्ताको समस्या,गलत विवरण का कारण हुन जाने घटना दर्तालाई निरुत्साहित बनाउन कानुनी र प्रविधिगत सुधारमा जोड दिनइनेछ ।
- पुराना सूचना फारम अभिलेखलाई समेत भविष्यको प्रयोजन तथा समस्या समाधानको विकल्पको रुपमा सुरक्षित राख्न सो को डिजिटाइजेसन गरिने छ ।

## ३. पूर्वाधार विकास

नगर सभावाट निर्णय भईसकेका योजनाहरु वाहेकका अन्य योजनाका लागि विभिन्न वडावाट वजेट माग भई आएका योजनाहरुमा वजेट विनियोजनका लागी पूर्वाधार विकास समितिको स्थलगत अनुगमन सिफारिस र जन सहभागिताको सुनिश्चितता भए पश्चात मात्र वजेटको व्यवस्था गरिने छ।

- नगरस्तरीय वजेट विनियोजन गर्दा २ वा २ भन्दा वढि वडाको सिमानाका योजनाहरुलाई प्राथमिकता दिइने छ।
- रत्ननगर नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्न आवश्यक कार्यहरु गरिने छ।
- ठेक्का सम्झौता भएका योजनाहरु सबै र उपभोक्ता समितिबाट गरिएका ठूला योजनाहरु मात्र क्रमागतमा लगिनेछ।
- आ.व.२०७९।०८० भन्दा अगाडीका सवै योजनाहरुको (उपभोक्ता समितिहरुवाट गरिएका योजनाहरु) भए गरेको कामको भुक्तानी दिई त्यस्ता योजनाहरुमा नया वजेटवाट कार्य शुरु गरिने छ।
- उपभोक्ता समिति मार्फत संचालन गरिने विकास निर्माणका कार्यहरुमा सम्बन्धित लाभग्राही मात्र उपभोक्ता समितिको सदस्य रहनुपर्ने व्यवस्थालाई कठाईका साथ लागु गरिने छ।
- नगर गौरवका योजनाहरुमा पर्याप्त वजेटको व्यवस्था गरिने छ।
- नगरका भित्री सडकहरुमा स्मार्ट लाइट जडान कार्यलाई निरन्तरता दिईने छ।
- नगर भित्रका कालोपत्रे मर्मतका लागि विशेष कोषको स्थापना गरि तत्काल मर्मत सम्भारको व्यवस्था गरिने छ।
- नगर भित्रका सडक सन्जाल वर्गीकरण गरि फराकिलो कालोपत्रे सडकको रुपमा र सबै शाखा सडकहरुलाई पनि स्तरोन्नति गरिने छ। साथै मापदण्ड नपुगेका भित्रीवाटोहरुमा ढलान गर्ने वा इन्टरलक टायल बिछयाउने कामलाई निरन्तरता दिइने छ।
- पूर्व पश्चिम राजमार्ग र नगरका मुख्य मार्गहरुमा अप्टिकल फाईबर जडान गरि सन्चारको पहुँचलाई प्रत्येक घरसम्म पुर्याइने छ।
- नगर भित्रका सडकहरुका छेउछाउहरुमा उपयूक्त ढल निर्माण गर्ने कार्यलाई निरन्तरता दिई अगाडि बढाईने छ।
- फोहोरमैला व्यवस्थापन स्थलमा कुहिने फोहोरमैलावाट अर्गानिक मल वनाई फोहोरलाई मोहरमा परिणत गर्न पूर्वाधारको विकास गरिने छ।
- बजार क्षेत्रमा पार्किङ्ग, बधशाला र सहकारी कृषि बजारको व्यवस्था गरिने छ।
- **"स्वास्थ्यका लागी खेल राष्ट्रका लागी खेल"** का लागि क्रमिक रुपमा वडामा कभर्डहलको निर्माणलाई निरन्तरता दिइने छ।

- बजार क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गर्नुका साथै आवश्यकता अनुसार घुम्ती शौचालयको व्यवस्था गरिने छ ।
- भूमीहीन, घरविहीन परिवारको लगत तयार गरि उनीहरुको नागरिक मौलिक अधिकारको सुनिश्चितताका लागि पहल गरिने छ ।
- BLOOD BANK को स्थापनाका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।
- निःशुल्क वरुण यन्त्र, एम्बुलेन्स र शव वाहनको सेवा संचालन गरिने छ ।
- कला, संस्कृति र साहित्यको जगेर्ना एंव विकासका लागि कला मन्दिरको स्थापना गरिने छ ।
- नेपालको तेस्रो पर्यटकीय क्षेत्र सौराहाको विकास, व्यवसायिक पर्यटनको प्रबर्धन गरिने छ ।
- बुढिकूलो, खगेरी, कयर, ढुङ्ग्रे, बटरखोला, राप्ती नदीमा तटबन्ध गर्ने व्यवस्था मिलाईनेछ ।
- पर्यटकीय क्षेत्र सौराहा देखि लोथर सम्म साईकल मार्ग निर्माण गरिने छ ।
- नगरवासीहरुको धनजनको सुरक्षाका लागि नगरका मुख्य चोक तथा सडकहरुमा सिसी क्यामरा जडान कार्यलाई निरन्तरता दिइने छ ।
- नगर भित्रका सार्वजनिक स्थलहरुमा फ्रि ईन्टरनेटको व्यवस्था गरिने छ ।
- नगरको सौन्दर्य अभिबृद्धिका लागि आवश्यक कार्यहरु गरिने छ ।
- सडक कालोपत्रे, फुटपाथ, ग्रिनरीको अनुगमनका लागि पूर्वाधार गुणस्तर अनुगमन संयन्त्रको निर्माण गरिने छ ।
- नगरको सार्वजनिक स्थानहरुमा पार्कको निर्माणका लागि पहल गरिने छ ।
- नगरपालिका भित्र रहेको टाँडी र सौराहा बसपार्क निर्माण र व्यवस्थापन गरिने छ ।
- पूर्वाधारको दिगो विकासका लागी पुर्वाधार पुर्ननिर्माण गुरुयोजना तयार गरि लागू गरिनेछ ।
- विकेन्द्रीकरणलाई आत्मासाथ गरि प्रत्येक वडालाई अल्पकालीन र दिर्घकालीन योजनाको छनौट गर्न लगाई कार्यान्वयनमा सहयोग गरिनेछ ।
- विभिन्न जात जाति, धर्म सस्कृति मान्ने नगरबासीहरुको आस्थालाई सम्मान गर्नका लागि मठ मन्दिर मस्जिद, क्रियापुत्री भवन, समाधिस्थल आदिको निर्माणका साथै उचित मर्मत सम्भार गरिनेछ ।
- उपभोक्ता समितिले लागत साझेदारी वापत जम्मा गर्नु पर्ने जनसहभागिता रकम समितिको खातामा जम्मा गरि सक्कल भौचर नगरमा पेश गरे पश्चात योजनाको सम्झौताको कार्य अगाडि बढाइनेछ ।
- पूर्वाधार विकासका योजनाहरुमा अधिकतम जनसहभागिता रहने गरि योजनाहरुको कार्यान्वयन तपसिल वमोजिम गरिनेछ ।

तपसिल

क. सडक कालोपत्रे, कालोपत्रे मर्मत, ग्राबेल, नाला, कल्भर्ट र भवन निर्माण योजनाका लागि कुल लागतको १० प्रतिशत जनसहभागिता कायम गरि संचालन गरिने छ।

ख. मोज्याक टायल लगाउने कार्यमा कुल लागतको २० प्रतिशत तर ६ मिटर भन्दा कम चौडाईका बाटो तथा बाटो विस्तार गर्न नसकिने गरिब विपन्न वस्तीमा कूल लागतको १० प्रतिशत राखी योजना संचालन गरिने छ।

## ४ . वन,वातारण तथा विपद् व्यवस्थपन

### ४.१ विपद् व्यवस्थापन

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी भौगोलिक सूचना प्रणाली, पूर्व सूचना प्रणाली लगायतका प्रविधि हस्तान्तरणका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरिने छ।
- विपद्को प्रकार, स्थान, सामाजिक तथा आर्थिक अवस्थालाई समेत दृष्टिगत गर्दै सञ्चार माध्यम मार्फत सूचनामूलक सन्देशहरु सम्प्रेषण गरि जनचेतना अभिवृद्धि गरिने छ।
- उच्च जोखिममा रहेको क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम संचालन गरि समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिने छ।
- सबै क्षेत्रका मौजुदा भौतिक संरचनामा रहेको अवशिष्ट जोखिम पहिचान र लेखाजोखा गरि जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिने छ।
- विपद् संवेदनशीलता अनुरुप सार्वजनिक भौतिक संरचनाहरुलाई सबै वर्गको पहुँच सुनिश्चितता गर्न अपाङ्ग एवं बालमैत्री बनाउने नीति अवलम्बन गरिने छ।
- नगरस्तरीय विपद् जोखिम न्यूनिकरण समूहको गठन गरि विपद् व्यवस्थापनमा युवा र सबै सरोकारवालाको सक्रिय सहभागिता बढाउने नीति अवलम्बन गरिने छ।
- वडा, समुदाय र विद्यालयस्तरमा विपद् पूर्वतयारी, सुरक्षा, प्रतिकार्य र चेतनामूलक कार्यको विस्तार गरिने छ।
- नगरपालिका र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंसेवक Quick Response Team को गठन गरि क्षमता विकास गर्दै शीघ्र परिचालनको नीति अबलम्बन गरिने छ।
- विपद्को समयमा सुरक्षित आपतकालीन आश्रयस्थलको व्यवस्था सुनिश्चित गर्न खुल्ला क्षेत्रको पहिचान, संरक्षण र प्रयोगयोग्य बनाउने नीति लिइनेछ।
- प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालीन सामाग्रीको भण्डार गृहको स्थापना गरि आवश्यक पर्ने उद्धार तथा राहत सामाग्री सञ्चय गरि स्थानीय आपतकालीन संचालन केन्द्र स्थापना गरिने छ।

- स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRP) पुनरावलोकन तथा अध्यावधिक गर्दै यसलाई हरेक योजनासँग मुलप्रवाहिकरण गरिने छ ।
- मानव र वन्यजन्तु बीचको सम्बन्धमा समायानुकुल सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ । वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्न सीमानामा पक्की पर्खाल तथा तारजाली लगाउने कार्यलाई निरन्तरता दिइने छ ।

### ४.२ वन, वातावरण तथा सरसफाई

- नगर क्षेत्रभित्र सरसफाईको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन समुदायमा आधारित फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।
- घरघरबाट निस्कने जैविक फोहरलाई कम्पोष्ट मल बनाउने विधिलाई अवलम्बन गरिने छ ।
- अस्पतालजन्य फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रलाई पूर्ण रुपले जिम्मेवार बनाइने छ ।
- जथाभावी फोहर फाल्ने कार्यलाई दण्डनीय बनाइने छ ।
- हरियाली प्रवर्द्धन गर्न निजी क्षेत्र र अन्य सामाजिक संघ/संस्थाहरुको साझेदारीमा वृक्षारोपण गर्ने एंव विरुवा हुर्काउने अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।सडक छेउ र खोलाका किनारहरु एंव खाली जग्गामा वृक्षारोपण गर्ने, हरियाली निर्माण गर्ने विशेष कार्यक्रम संचालन गरिने छ ।
- वातावरण प्रदुषण रोकथाम र नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- वातावरण मैत्री सूचकको आधारमा वातावरणमैत्री टोल प्रवर्द्धन गरिने छ ।
- जलवायु परिवर्तन अनुकुलनका उपायहरुलाई अबलम्बन गरिने छ ।
- अति विपन्न गरिव परिवारलाई शौचालयको पहुँच पुयाउन दिईदै आएको एक घर एक व्यवस्थित शौचालय निर्माण अनुदान कार्यलाई निरन्तरता दिईने छ ।
- नगर क्षेत्रमा जैविक विविधता प्रवर्द्धन गर्न, रैथाने बोट विरुवा लगायत अन्य वनस्पतिको संरक्षण, प्रवर्द्धन तथा अध्ययन अनुसन्धान गर्न नगर क्षेत्रमा बोटानिकल गार्डेन स्थापनाको प्रक्रिया बढाइने छ ।
- चितवन राष्ट्रिय निकुञ्ज भित्र परेको व्यक्तिको जग्गा छुट्याई सम्बन्धित नागरिकका नाममा ल्याउने विशेष पहल गरिने छ ।

## ५. संस्थागत विकास तथा सुशासन

### ५.१ संस्थागत विकास र सुशासन

- रत्ननगर नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वे गरि र प्रशासनिक एकाईहरुको कार्य विवरण तथा कर्मचारीहरुको दरबन्दी संख्या तयार गरि प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

- सार्वजनिक सेवा प्रवाहका बिषयमा त्रैमासिक रुपमा शाखा प्रमुख र जनप्रतिनिधिहरुको अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।
- सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति मार्फत सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनें छ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा ईच्छुक सेवा ग्राहीलाई सामान्य कानुनी परामर्श, निवेदनको मस्यौदा लगायतका सेवाहरु उपलब्ध गाराउने साथै सेवाको सन्तुष्टि मापनका लागि प्रत्येक वडा कार्यालयमा HELP DESK स्थापना गरिने छ ।
- पालिकाका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रसारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझै प्रभावकारी बनाइने छ ।
- प्रत्येक पद, सेवा, समूहको कार्यविवरण (Job Description) तयार गरि प्रत्येक कर्मचारीहरुलाई कार्यविववरण सहितको जिम्मेवारी दिइनेछ । साथै कर्मचारीले आफूले प्रदान गरेको सेवाका विषयमा मासिक कार्य प्रगति पेश गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।
- आर्थिक कारोबारको भुक्तानी प्रकृया EFT मार्फत संचालन संचालन गरिने छ ।
- गत आ.व. मा मलेप द्धारा औंल्याईएका बेरुजु दाखिला तथा फर्छौट गराई आर्थिक कारोबारको पारर्दशिताका लागि त्रैमासिक रुपमा आन्तरिक लेखा परीक्षण प्रतिवेदन नगरपालिकाको वेव साइटमा प्रकाशित गरिने छ ।
- नगरपालिकाको केन्द्र तथा वडा तहमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरि गरि सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासोको व्यवस्थापन गरिने छ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन LISA तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्यांकन FRRAP प्रणालीलाई थप व्यवस्थित गरिने छ ।
- रत्ननगर दिवसका अवसारमा सेवा प्रवाह र संस्थागत विकासमा योगदान पुऱ्याउने उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार सहित सम्मान गरिने छ ।
- नगरपालिकाद्धारा निर्माण गरिएका कानुनहरुको पूर्ण परिपालना गरि यस नगरपालिकालाई विधिको शासन कायम गर्ने एक नमूना नगरपालिकाका रुपमा विकास गरिनेछ ।
- रत्ननगर नगरपालिका कर्मचारी र जनप्रतिनिधिको क्षमता बढाउनका लागि कर्मचारीमैत्री वातारण, भौतिक स्रोत साधनको व्यवस्था,कर्मचारी सेवाको सुरक्षा, सिकाइ आदान प्रदान भ्रमण लगायतका बिषयहरुलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका गतिविधिहरुलाई पारदर्शी बनाउन वेवसाईट अद्यावधिक गरि सूचनाको हक सम्बन्धी कानुनलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।नगरपालिका र यस अन्तरगतका कार्यालयबाट गरिने सार्वजनिक खरिद प्रक्रिया प्रतिस्पर्धाको माध्यमबाट सम्पादन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

- नगरपालिका अन्तरगतका शाखा वडा कार्यालयहरु र स्वास्थ्य संस्था समेतको बार्षिक रुपमा संचालन गरिने योजना/कार्यक्रमहरुको कार्य तालिका श्रावण मसान्त सम्म तयार गरि सोही अनुसार कार्यान्वयन गरिने छ ।
- कर्मचारीलाई प्रोत्साहान सहितको अवकास सम्बन्धी (Golden Handshake) नीति लागु गरिने छ ।
- विकासका अन्तर सम्बन्धित बिषयहरुमा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

### ५.२ कानून, न्याय तथा मानव अधिकार

- अन्यायमा परेका सर्वसाधारणहरुलाई छिटो छरितो, कम खर्चिलो र प्रभावकारी रुपमा स्थानीय स्तरमा नै न्याय प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- कानूनी राज्यको सिद्धान्त अनुरुप स्थानीय सरकारको अनुभूतिको लागि सबैलाई समान रुपमा न्याय उपलब्ध गराई न्यायमा पहुँच कायम गराउन आवश्यक भएकोले महिला, असहाय, अशक्त ,जेष्ठ नागरिक, अपाङ्ग, गरिबको रेखामुनी रहेका, नाबालक, दलित, आर्थिक लगायत विपन्न वर्गका समुदायलाई आवश्यक कानूनी परामर्श तथा कानूनी सहायता निशुल्क उपलब्ध गराउने व्यवस्था गराइने छ ।
- सर्वासाधारणलाई न्यायमा पहुँच स्थापित गर्नको लागि वडा स्तरमा नै कानूनी सचेतना कार्यक्रमहरु संचालन गरिने छ ।
- न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागि न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि क्षमता विकासका कार्यक्रमहरु समय र आवश्यकता अनुसार संचालन गरिने छ ।
- वडा स्तरिय मेलमिलाप केन्द्रलाई अझ बढी सुदृढ बनाउने व्यवस्था मिलाई मेलमिलापको माध्यमबाट सर्भसुलभ रुपमा न्याय प्रदानमा जोड दिईनेछ ।
- स्थानीय तहको न्यायिक समितिबाट भएका निर्णय/आदेश तथा मिलापत्रहरुको यथासक्य र प्रभावकारी रुपमा कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- स्थानीय तहलाई आवश्यक पर्ने स्थानीय कानूनहरुको प्रभावकारी रुपमा निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- न्याय निरुपण गर्ने सिलसिलामा अध्ययनको लागि आवश्यक पर्ने पुस्तकहरुको व्यवस्था प्रर्याप्त मात्रामा मिलाइनेछ ।
- स्थानीय कानून निर्माताहरु, र सम्बन्धित शाखाका कर्मचारीहरुको क्षमता विकास गर्ने कार्यक्रमको व्यवस्था गरिने छ ।

### ५. ३ सूचना प्रविधि

- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइने छ ।

- गुनासो सुनुवाईलाई प्रविधि सँग जोड्दै व्यवस्थित गरिने छ।
- सेवा प्रवाहमा सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद, नागरिक वडा पत्र र विविध प्रविधिसँग जोडिने छ।
- सूचना प्रवाहमा एकद्वार प्रणाली अपनाइने छ।
- सूचना प्रविधिको प्रयोगमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरि प्रविधिको अधिकतम उपयोग गरिने छ।
- नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने व्यवस्थालाई थप सुधार ल्याइने छ।
- नगरपालिका भित्रका विद्यालयहरुमा Learning with ICT अभियानलाई तीव्र जोड दिइने छ।
- सूचना प्रविधि नै बिकासको आधारशिला भएकाले यस नगरपालिकालाई सूचना संचार मैत्री नगर बनाइने छ।
- पालिकाका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रसारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझै प्रभावकारी बनाइने छ।

**भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासी सेवा केन्द्र**

- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको व्यवस्थापनका लागि नगरपालिकाबाट तथ्यांक प्रविष्टि, जग्गा नापजाँच र प्रमाणीकरण जग्गा घर धनी प्रमाण पूर्जा उपल्ब्ध गराइने छ।
- कुनै पनि नगरबासी भूमिहिन नहोउन भन्नका लागि जग्गाको खरीद जग्गा धनी बनाउने व्यवस्था गरिने छ।
- भूमि सम्बन्धि संघीय ऐन, नियम तथा नगरपालिकाबाट पारित कार्यविधिको आधारमा अव्यवस्थित बसेबासीको व्यवस्थापन गरिने छ।
- अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्दा बाँकी रहेका जग्गा पार्क तथा खुल्ला क्षेत्र (सहित सार्वजनिक उपयोगमा प्रयोग गरिने छ।

**भूमि व्यवस्थापन तथा भवन नियमन**

- Electronic Building Permit System EBPS Upgrade गरिने छ।
- नेपाल सरकार तथा स्थानीय सरकारले लागु गरेको भवन निर्माण आभार संहिता तथा घर नक्सा मापदण्डको साथै सडक पूर्वाधार मापदण्ड अनुसार घर नक्सा अभिलेखीकरण कार्य व्यवस्थापन गरिने छ।
- सार्वजनिक जग्गा संरक्षण सम्बन्धी नीति बनाई लागू गरिने छ।

आदरणीय सभाका सदस्यहरु,

संविधानले प्रत्याभुत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई समुन्नत, सुदृढ र समृद्ध बनाई सरकारका विभिन्न तह बीचको सम्बन्धलाई समन्वय, सहकारिता र सहअस्तित्वमा आधारित बनाउन बहु तहसरकारका साझेदारीका कार्यक्रमहरु संचालन गरिएको छ। नगरको विकासका लागि संघीय सरकार तथा प्रदेश संग रहेको विज्ञता, विशेषज्ञता, प्रविधि र स्रोत साधन परिचालनका लागि आवश्यक व्यवस्था मिलाइको छ।

दिगो शासन प्रवर्द्धनका लागि आवश्यक कानूनी प्रवन्धहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, दिग्दर्शन आदि), दीर्घकालिन, आवधिक र विषय क्षेत्रगत योजना, प्रोजेक्ट बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरिएको छ । नगर विकास गुरुयोजनामा आधारित भई नगरको दीर्घकालीन विकासका लागि उपलब्ध स्रोत र साधनको परिचालन गर्ने व्यवस्था मिलाइएको छ।

अन्तमा, यस नगरपालिकाको आ.व.०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम तयार गर्नका लागि सहयोग गर्नुहुने सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु, नागरिक समाज, बुद्धिजिवी, समाजसेवी, राजनैतिक दल, सरकारी तथा गैर सरकारी संस्था संस्थाहरु, पत्रकार प्रमुख प्रशासकीय अधिकृत, विज्ञ सल्लाहकार लगायत सम्पूर्ण कर्मचारीहरु, शिक्षक तथा आम नगरबासी दाजुभाई दिदी बहिनीहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।
धन्यवाद।

(प्रलाद सापकोटा)
नगर प्रमुख